कविलासी नगरपालिकाको तेस्रो नगर सभाको पहिलो बैठकमा
उपप्रमुख श्री राधा देवीले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०७६।०७७ को
# बजेट वक्तव्य

कविलासी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कविलासी, सर्लाही
प्रदेश नं. २, नेपाल
२०७६

**नगर सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

१. आगामी आर्थिक बर्ष २०७६।०७७ को बजेट कविलासी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुशीको अनुभूति भै रहेको छ ।

२. यस घडिमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायत पटक पटकको आन्दोलन एवं संघर्षको गौरवपूर्ण ईतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै, सहिदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवन यापन गरि रहनु भएका नागरिकहरुलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरुको त्याग र बलिदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

३. नेपालमा राजनैतिक संक्रमणको लामो कालखण्डको अन्त्य भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र बलिदानबाट हालसम्म प्राप्त भएका राजनैतिक उपलब्धिहरुको रक्षा गर्दै विद्यमान गरिबी, पछौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस नगरपालिकालाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ ।

४. नगरवासीको सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो नगरपालिका आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै अघि बढि सकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।

५. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०७६।०७७ को बजेट वक्तव्यमार्फत घोषित आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

६. आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, पन्ध्रौं

आवधिक योजना, कविलासी नगरपालिकाका नीति तथा कार्यक्रम, नगरपालिकाका पदाधिकारीज्यूहरुले दिनु भएको सुझावहरु, टोल वस्ती एवं वडा भेलाबाट व्यक्त भएका जनअपेक्षा, पूर्व बजेट छलफल एवं मिति २०७६।०२।३२ गते आयोजना गरिएको अन्तरक्रिया र मिति २०७६।०३।०७ गते आयोजना भएको बृहत्त अन्तरक्रिया कार्यक्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु तथा आ.व. २०७५।०७६ को बजेट वक्तव्यमा उल्लिखित महत्वपूर्ण कार्यक्रमहरुलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।

७. ४८.१ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित ४२,३३६ जनसंख्या भएको कविलासी नगरपालिकाको आर्थिक स्थिति, कृषि, सिंचाई, उद्योग, भौतिक पूर्वाधार, वित्तीय क्षेत्र, स्वास्थ्य, शिक्षा, आधारभूत सुविधा, रोजगारी, मानवीय विकासका क्षेत्रमा कविलासी नगरपालिका तुलनात्मक रुपमा पछाडि देखिएकोले यी क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ ।

८. नगर कार्यपालिकालाई आफ्नो जिम्मेवारी निर्वाहका लागि आवश्यक संगठन संरचना एवं पर्याप्त जनशक्तिको व्यवस्थापनका लागि नेपाल सरकारसँग समन्वय गरी आवश्यक निर्णय लिईनेछ ।

९. नगर कार्यपालिकाले सार्वजनिक सेवाका सन्दर्भमा नागरिकका गुनासाहरु सुन्ने र त्यसको तत्काल सम्बोधन गर्न आवश्यक संयन्त्रको व्यवस्था गर्नेछ ।

१०. कविलासी नगरपालिका सामू मुख्यरुपमा निम्न चुनौतिहरु देखिएका छन् :

- जनतामा राजनैतिक परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रुपले रुपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रुपमा रहेको छ ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहको लागि नगर कार्यपालिका र ६ वटा वडा कार्यालयको आफ्नो कार्यालय भवन नभएको र आफ्नो भवन भएका वडा कार्यालयको भवन समेत जीर्ण अवस्थामा रहेको । यसैगरी अपर्याप्त र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल विनियोजन गर्ने, विकास आयोजनाहरुको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ ।

- नगरपालिकाप्रतिको जनविश्वासलाई मजबुत बनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हामीमाथि छ ।

**सभा अध्यक्ष महोदय,**

११. अब म गत आर्थिक बर्ष २०७४।०७५ को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रुपमा प्रकाश पार्न चाहन्छु । गत आर्थिकमा आन्तरिक आय, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान, सामाजिक सुरक्षा रकम समेत कूल आय रु. ३६ करोड ६० लाख ६० हजार ४ सय ९० रुपैया र पैसा ७८ रहेको छ । सो मध्ये रु. २३ करोड ४९ लाख २८ हजार ९ सय २३ रुपैया र पैसा ६५ खर्च बाँकी रु. १३ करोड ११ लाख ३१ हजार ५ सय ७३ रुपैया र पैसा १३ बाट गत बर्षको भुक्तानी बाँकी रु. ४ करोड ७७ लाख १ हजार ३ सय दुई र पैसा ९७ घटाई बाँकी रु. ८ करोड ३४ लाख ३० हजार २ सय ७० रुपैया १६ पैसा यथार्थ मौज्दात रहेको छ ।

१२. गत आर्थिक बर्ष २०७४।०७५ मा पहिलो नगर सभाबाट स्वीकृत योजनाहरु सञ्चालन भए । जसमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु व्यवस्थापन, अत्यावश्यक कानूनहरु निर्माण, सडकहरुको स्तरोन्नति एवं सडक सञ्जाल विस्तार, नाला निर्माण, धार्मिक, साँस्कृतिक धरोहरको संरक्षण, सौर्य सडक बत्ती जडान कृषि, सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास जस्ता विविध क्षेत्रका आयोजना तथा कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता शीर्षकमा खर्च भएको थियो । उक्त आर्थिक बर्षको अन्तिम लेखापरीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भई सकेको छ ।

१३. यसै क्रममा चालु आर्थिक बर्ष २०७५।०७६ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक बर्षको लागि ५१ करोड ७४ लाख ६२ हजार २ सय ७१ र पैसा २० आय र व्यय अनुमान गरिएकोमा चालु आर्थिक बर्षको असाढ मसान्तसम्म सोही रकम बराबर आय र व्यय हुने संशोधित अनुमान गरेको छु ।

१४. चालु आर्थिक बर्षको मुख्य मुख्य क्रियाकलापहरुमा हेभी ईक्वीपमेन्ट जेसिबी, ट्र्याक्टर खरिद, सवारी साधन खरिद, सडक नाला, पुल, कल्भर्ट जस्ता भौतिक पूर्वाधार निर्माण, सौर्य सडक बत्ती, नगर प्रोफाईल तयारी, सिँचाई कार्यक्रम, खुला दिसामुक्त अभियान, कार्यालयको पूर्वाधार, मर्मत सम्भार, विपद् व्यवस्थापन, सुशासन प्रबर्द्धन, सूचना तथा प्रविधि प्रबर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका विकास, सामाजिक विकास, सीप तथा रोजगारी प्रबर्द्धन कार्यक्रमहरु सञ्चालित रहेका छन् । ती कार्यक्रम समयमै सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

**सभा अध्यक्ष महोदय,**

१५. अब म आगामी आर्थिक बर्ष २०७६।०७७ को बजेट बारे प्रकाश पार्न चाहन्छु । यो बजेटका उदेश्यहरु यस प्रकार रहेका छन् :

- संविधान कार्यान्वयनमा सहयोग गर्ने ।
- दिगो, समावेशी विकासमा योगदान गर्ने ।
- समुन्नत नगर विकास तर्फ उन्मुख गर्ने ।
- नगरपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिको पहुँच बढाउने ।
- आम नागरिकलाई सुशासनको प्रत्याभूति दिने ।

१६. यस बजेटका प्राथमिकता यस प्रकार रहेका छन् :

- संघीयताको कार्यान्वयन र स्थानीय सरकारको प्रत्याभुति
- सुशासन
- भौतिक पूर्वाधार विकास तथा सामाजिक विकास
- नीतिगत, कानूनी एवं संरचनागत प्रबन्ध
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्बजनिक खर्चमा वित्तीय अनुशासन र पारदर्शिता
- पर्यटन प्रर्वद्धनका आयोजनाहरुको पहिचान र कार्यान्वयन
- सडक संजालाको स्तरोन्नति

- शिक्षा, स्वास्थ, खानेपानी र सरसफाईमा विशेष सुधार
- उद्यमशीलताको विकास, रोजगारी सिर्जना र गरिवी न्यूनीकरण
- कविलासी नगरपालिकाको मौलिकता, ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रबर्धन
- स्थानीय श्रोत साधन, श्रम, सीप र प्रविधिको उपयोगमा जोड
- दिगो विकास, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र विपद व्यवस्थापन
- संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्बन्धको विकास तथा सहकारिता

**सभा अध्यक्ष महोदय,**

१७. कविलासी नगरपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०७६।०७७ मा तपसिल बमोजिमका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरुको लागि रकम विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

१) वहुसंख्यक युवाहरु वैदेशिक रोजगार तिर गैरहेको वर्तमान सन्दर्भमा ती युवाहरुलाई स्वदेशमा नै रही स्वावलम्बी वन्नका लागि रोजगारमूलक कार्याक्रम एवं आय आर्जन तर्फ आकर्षित गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको ब्यवस्था मिलाएको छु ।

२) कविलासी नगरबासीहरुको आय आर्जन बढाउनको लागि सीप नभएकाहरुलाई सीप सिकाउन र सिकेका सीपबाट आय आर्जन गर्नसक्ने तुल्याउन समग्र क्षेत्रको सीप सिकाउन उद्यामशीलता विकास तालिम तथा व्यवस्थापन कार्यक्रम तर्फ बजेटको ब्यवस्था मिलाएको छु ।

३) धार्मिक सहिष्णुतालाई आत्मसातगर्दै यस कविलासी नगरपालिकाले सबै धर्म सम्प्रदायलाई महत्व दिंदै आवश्यक बजेटको लागि ब्यवस्था गरेको छु ।

४) हाम्रा भविष्यका कर्णधार युवाहरुलाई लक्षित गरी लागू औषध, कुलत विरुद्ध जनचेतना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

५) संसार नै एउटै गाउँ भईरहेको वर्तमान २१ औं शताब्दीलाई आत्मसात गर्न हाम्रा प्रत्येक क्रियाकलापलाई सूचना प्रविधि युक्त बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

६) हाम्रा बालबालिका संसारमा प्रतिस्पर्धा गर्न सकुन् भन्ने भावना स्वरुप प्रविधियुक्त सामुदायिक विद्यालय बनाउनको लागि सामुदायिक विद्यालयलाई वस्तुगत सहयोग र अनुदानको व्यवस्था मिलाएको छु ।

७) सफा–सुग्घर कविलासी नगरपालिकाको रुपमा आम नगरबासीहरुले महशुस गर्ने गरी फोहोर मैला व्यवस्थापनलाई प्रविधियुक्त बनाउन बजेट विनियोजन गरेको छु ।

८) राज्यको चौथो अंग पत्रकारिता मार्फत् आम नगरबासीलाई प्रत्येक गतिविधिको बारेमा सुसुचित गर्ने उद्देश्यले पत्रकारिता एवं रेडियो कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

९) खेलकुद कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

१०) जेष्ठ नागरिकको सम्मान र अनुभव आदान प्रदानको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

११) कविलासी नगरपालिकाका सबै वडालाई बाल मैत्री वडा घोषण गरी कविलासी नगरपालिकालाई बाल मैत्री नगरको रुपमा विकास गर्न बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

१२) नगरस्तरीय गौरवका योजनाहरुको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३) विपन्न परिवारलाई सहकारी मार्फत आय स्तर बढाउने कार्यक्रम ल्याएको छु । सहकारी क्षेत्रको विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४) समाजमा बञ्चितीकरणमा रहेका, उत्पीडित समुदाय एवं दलित, अपांगता भएका व्यक्तिहरुको सशक्तिकरण, मूल प्रवाहीकरण र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१५) बजेट, योजना तथा कार्यक्रममा सबै वर्ग, लिंग, समुदायलाई समेटेको छु । विस्तृत योजना तथा कार्यक्रम अनुसूचिमा समावेश गरेको छु ।

१६) राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरुलाई प्रदेश स्तर तथा केन्द्रीय योजनाको रुपमा तयार गरी पेश गर्ने व्यवस्था मलाएको छु ।

**सभा अध्यक्ष महोदय,**

१८. अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

१९. आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ५५ करोड १९ लाख १८ हजार विनियोजन गरेको छु । उक्त अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. १ करोड ५ लाख, नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रु. १३ करोड १ लाख, सशर्त अनुदानबाट रु. १३ करोड ९ लाख, राजस्व बाँडफाँटबाट रु. ९ करोड १० लाख, प्रदेश सरकारबाट समानीकरण अनुदन रु. ७३ लाख ८७ हजार, सशर्त अनुदन रु. १ करोड, विशेष अनुदान ३० लाख, समपुरक अनुदान रु. ४० लाख, सवारी साधन करको बाँडफाट रु. ४२ लाख १५ हजार बहुक्षेत्रीय पोषण कार्यक्रमबाट रु. १४ लाख १६ हजार, सडक बोर्ड नेपालबाट रु. ३० लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर रु. २० लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रमबाट रु. ७ करोड र गत आ.व. २०७४।०७५ को मौज्दात रु. ८ करोड ३४ लाख रहेको छ ।

२०. बजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा

कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजिनक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

२१. जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्यवनलाई सहज बनाइनेछ ।

२२. कविलासी नगरपालिकाको आर्थिक विधेयक, २०७६ र विनियोजन विधेयक, २०७६ स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।

**सभा अध्यक्षज्यू,**

२३. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरु, कविलासी नगरपालिकाका प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, विभिन्न समितिका पदाधिकारीज्युहरु, पूर्व गा.वि.स. अध्यक्षज्युहरु, सम्पूर्ण राजनीतिक दलका पदाधिकारीज्युहरु, निजी क्षेत्र तथा विकास साँझेदार सँस्थाका महानुभावहरु, वुद्धिजीविहरु, विषय विज्ञ, राष्ट्र सेवक कर्मचारीहरु, सञ्चार जगत लगायत नगरको विकासमा टेवा दिने आदरणीय नगरवासीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२४. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्‌याउने सबै विकास साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

मिति: २०७६।०३।१० गते मंगलवार